# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : जनावरी २०२५ वर्ष :४ अंक : १

**जनावरी २०२५ मा सम्पन्न भएका गतिविधिहरु:**

## १.बालबालिकाको नेतृत्वमा तयार गरिने विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) चौथो चक्र प्रतिवेदन सम्बन्धि तयारी बैठक सम्पन्न :

२२ जनावरी २०२५ : बाल सहभागिताको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम नेपाल) को सहजीकरणमा बालबालिकाको नेतृत्वमा तयार भएको विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) चौथो चक्र प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको समिति (ओएचसीएचआर) मा बुझाउने भएको छ।




उक्त प्रकृयाको लागि २२ जनावरीमा राष्ट्रिय बाल पैरवी परिषद् र सेभ द चिल्ड्रेन नेपालको बाल सल्लाहकार समुहसँग तयारी बैठक सम्पन्न गरिएको छ। भर्चुअल मार्फत आयोजना गरिएको बैठकमा २३ जना सहभागिको उपस्थिति रहेको थियो।

बैठकमा विश्वव्यापी आवधिक समीक्षा र यसको प्रतिवेदन प्रकृयाबारे विस्तृत रुपमा छलफल गरिएको थियो। बैठकमा बालबालिकाहरुले देशका विभिन्न स्थानीय तहहरूबाट विशेष गरी पछाडि पारिएका समुदायको सुझाव समेटेर प्रतिवेदन तयार गर्नेमा जोड दिएका थिए।

यूपीआर प्रतिवेदन संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले प्रत्येक पाँच वर्षको अन्तरालमा आफ्नो देशको समग्र मानवअधिकारको अवस्थाहरूलाई समेटेर पठाउनुपर्छ। नेपाल अहिले चौथो चक्रमा छ।

## २. कन्सोर्टियम नेपालको सचिवालय बैठक सम्पन्न :

१५ जनावरी २०२५: कन्सोर्टियम नेपालको सचिवालय बैठक सम्पन्न भएको छ। सन् २०२५ को सुरुवातसँगै कन्सोर्टियम नेपालले आगामि वर्षमा गर्नसक्ने कृयाकलापको तथा अभियानकने विषयमा छलफल गरिएको थियो।

कन्सोर्टियम नेपालले यस वर्ष राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिसँगको सहकार्यमा बालबालिका सम्बन्धि ऐन, २०७५ मा रहेका बालसहभागिता सम्बन्धि प्रावधानहरुको कार्यान्वयन मापन गर्ने, युपिआर चाथौ चक्रमा बालबालिकाको नेतृत्वमा प्रतिवेदन पेश गर्न सहजिकरण गर्ने, प्रदेश


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

स्तरमा बाल सहभागिता सम्बन्धि छलफल चलाउने, स्थानीय स्तरमा बाल सहभागिता प्रवद्धन गर्ने गतिविधिहरु रहेको छ ।

## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १.प्रार्थना बनिन् बाल नगर-प्रमुख




ललितपुर महानगरपालिका अन्तर्गत बालबालिकालाई नेतृत्व विकास र क्षमता विकास गराउने उद्वेश्यले आयोजना गरिएको चौथो नमूना बाल नगर सभा प्रशिक्षण तथा अभ्यास कार्यक्रम सम्पन्न भएको छ । बालबालिकालाई स्थानीय सरकार संचालन प्रकिया, योजना निमार्ण प्रक्रियामा बाल क्लब को भुमिका, बाल अधिकार, अर्थपूर्ण बाल सहभागिता, लोकतन्त्र र लोकतन्त्रान्त्रिक संस्कृती जस्ता विषयमा छलफल गराईएको थियो । बाल नगर सभा मा निर्वाचन मार्फत बाल नगर प्रमुख र उपप्रमुख को चयन गरिएको थियो भने प्रमुख मा प्रार्थना श्रेष्ठ र उपप्रमुखमा इमोन महर्जन निर्वाचित भएका थिए । निर्वाचन पश्चात नगर सभा को अभ्यास गराईएको थियो र सभामा ७० जना बालबालिकाको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण बाल अधिकारकर्मीहरु क्रमश सन्तोष महर्जन, निरिजना भट्ट र अभिनाश कार्कीले गरेका थिए । कार्यक्रम ललितपुर महानगरपालिका समाज कल्याण महाशाखा र नगरस्तरिय बाल क्लब संजाल को आयोजना युवालय लगायत विभिन्न संघ संस्थाको सहकार्यमा मिति २०८१ माघ ३ देखी ७ मा सम्पन्न भएको हो ।

## हार्दिक बधाई तथा शुभकामना

५ जनावरी २०२१: बालहिंसा विरुद्ध क्रियाशिल राष्ट्रिय कार्य समूहको छैठौं अधिवेशनबाट नयाँ कार्यसमितिको गठन भएको छ । यसै सन्दर्भमा, कन्सोर्टियम नेपालको शुभकामना सन्देश:





कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

## नयाँ वर्ष २०२५ को शुभकामना




## कन्सोर्टियम नेपालले जनावरी २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | चौथो नमुना बाल नगर सभा | ललितपुर महानगरपालिका |
| २. | वार्षिक उत्सव कार्यक्रम | नेपाल गुडवीभ फाउण्डेशन |
| ३. | वार्षिक साधारण सभा तथा अधिवेशन | एन.ए.सि.जि नेपाल |
| ४. | पदस्थापन तथा शुभकामना कार्यक्रम | एन.ए.सि.जि नेपाल |


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal